# आर्थिक वर्ष २०८०/०८१

# को

# बजेट वक्तव्य

मालिकार्जुन गाउँपालिका

शंकरपुर, दार्चुला

२०८०

मालिकार्जुन गाउँपालिका गाउँ सभामा २०८० साल असार १० गते आइतबार

उपाध्यक्ष, कल्यान सिंह धामीले

प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/०८१ को
# बजेट वक्तव्य

मालिकार्जुन गाउँपालिका

शंकरपुर, दार्चुला

**यस गरीमामय सभाका सभाध्यक्ष महोदय,**

गाउँ सभा सदस्यज्यूहरु, यस सभाका सदस्य सचिव एवं सम्पूर्ण राष्ट्रसेवक कर्मचारी, पत्रकार मित्रहरु र उपस्थित सम्पूर्ण महानुभावहरु

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १९ बमोजिम सभाका सभाध्यक्षको अनुमतिबाट उपाध्यक्ष को हैसियतले गाउँ सभामा आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु । आर्थिक विकास र सुशासन मार्फत नागरिकको विकास आकांक्षालाई सम्बोधन गर्ने गरि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रम यस सभामा पेश गर्ने अनुमति चाहन्छु ।

२. यस अवसरमा लोकतन्त्र प्राप्ती र संघीय लोकतान्त्रीक गणतन्त्रात्मक शासन व्यवस्था स्थापनाका लागि विभिन्न काल खण्डमा भएका दश वर्षे जनयुद्ध, जनआन्दोलन, मधेष आन्दोलन लगायतका आन्दोलन र राजनीतिक क्रान्ती एवम् संघर्षलाई म स्मरण गर्न चाहन्छु । जनाधिकार र राजनीतिक परिवर्तनका लागि आफ्नो अमूल्य जीवन बलिदान गर्ने शहीदहरु प्रति उच्च सम्मान तथा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु । घाइते योद्धा र वेपत्ता नागरिकहरु प्रति उच्च सम्मान र गहिरो सहानुभुति प्रकट गर्दछु । मुलूकको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनको कठिन परिस्थितिमा पनी अथक योगदान दिने सम्पुर्ण आदरणिय अग्रज राजनीतिज्ञहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।
देश संघीय प्रणालीमा गइसकेपछी संवैधानीक व्यवस्था बमोजिम यसै गरिमामय सभाबाट छैटौं बजेट अधिवेशनमा प्रवेश गरीसकेका छौं ।

३. रुस युक्रेन युद्ध लगायतका कारणले पेट्रोलियम पदार्थ लगायत आयात हुने वस्तुको अत्याधिक मूल्यवृद्धि लगायतको कारणले विश्व अर्थतन्त्रमा आर्थिक मन्दिको अवस्था सिर्जना भएको छ । विश्व अर्थतन्त्रको आवद्दताको कारण नेपालको अर्थतन्त्रका प्रमुख क्षेत्रहरुमा समेत गम्भीर प्रभाव पर्न थालेको छ जसबाट मालिकार्जुन गाउँपालिका पनि प्रभावित भएको छ ।

४. प्रस्तुत बजेट मालिकार्जुन गाउँपालिका स्थापना पश्चात गाउँ सभाको दोस्रो कार्यकालको दोस्रो बजेट हो । समग्र मालिकार्जुन बासीमा उत्साह र हौसला बढाई समृद्ध मालिकार्जुन निर्माणमा प्रतिबद्ध भई श्रम र उत्पादनमा लाग्न अभिप्रेरित गर्न उद्देश्यका साथ यो बजेट तर्जुमा गरेको छु ।

५. आगामी आर्थिक वर्षको बजेट नयाँ परिस्थितिले सिर्जना गरेको चुनौतीलाई सामना गर्ने र प्राप्त अवसरलाई उपयोग गर्ने तर्फ केन्द्रित रहनु पर्दछ भन्नेमा हामी सजक छौं । यस

अवस्थामा सबै नेपालीको जीवन रक्षा गर्ने , भविष्य प्रति आधारयुक्त आशा जगाउने र अर्थतन्त्रको पुनरुत्थान गर्दै तीव्र विकासको बाटोमा लैजाने गरी हामीले छलफल गरी सोही बमोजिम बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ ।

६. मैले बजेट तयार पार्दा नेपालको संविधान, विद्यमान कानुनहरु , पन्ध्रौ योजना र दिगो विकास लक्ष्यहरु, संघीय र प्रदेश सरकार तथा मालिकार्जुन गाउँपालिकाको नीति तथा कार्यक्रमहरुलाई आधार बनाएको छु । बजेट तर्जुमाको सिलसिलामा संघ र प्रदेश सरकारले अबलम्बन गरेका आर्थिक नीति, कानुन, मार्ग निर्देशन, मापदण्ड तथा परिपत्रहरुका साथै विभिन्न समयमा सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण तथा लेखा परिक्षण, विभिन्न प्रतिवेदन, गुरुयोजनामा औंल्याईएका गहनतम मार्गदर्शन, सुझाव र अध्यन, अवलोकन भ्रमणबाट बोध भएका व्यवहारिक र वस्तुनिष्ठ सिकाइ तथा सफल अभ्यासलाई समेत ध्यान दिएको छु ।

**सभाध्यक्ष महोदय,**

अब म मालिकार्जुन गाउँपालिकाको आर्थिक अवस्था र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

७. आर्थिक वर्ष २०७८/०७९ मा निकासा प्राप्त अनुदान रू. ४३ करोड २५ लाख ३३ हजार ७ सय ६०, खुद आन्तरिक आय रु. २१ लाख ३४ हजार ४१ रुपैया, भुक्तानी दायित्व तथा संचित कोष मौज्दात रु. २ करोड ४२ लाख ५६ हजार ३८ रुपैयाँ गरी जम्मा कुल रकम रु. ४५ करोड ८९ लाख २३ हजार ८ सय २९ मध्ये खर्च रु. ४३ करोड ९३ लाख ५९ हजार ९ सय ३० भएको थियो । जसमा रु. १ करोड ९५ लाख ६३ हजार ८ सय ९९ कम खर्च भएको थियो । गत आर्थिक वर्षमा पुरा हुन नसकेका ठुला योजना लाई सोहि रुपमा निरन्तरताका लागी बाँकी बजेट चालु बर्षमा खर्च गरिएको कुरा उल्लेख गर्न चाहन्छु।

८. आर्थिक वर्ष २०७९/०८० मा कुल खर्च रु. ५१ करोड ८६ लाख ३४ हजार हुने अनुमान गरिएकोमा चालु आ.व. को असार मसान्त सम्मको लागी रु. ५५ करोड ९२ लाख ६६ हजार ५ सय ४९ रुपैया ८२ पैसा खर्च हुने संशोधित अनुमान छ । यसमा चालु खर्च तर्फ रु. ३९ करोड ३५ लाख ५ हजार ५ सय ४९ रुपैया ८२ पैसा र पुँजिगत खर्च तर्फ रु. १६ करोड ५७ लाख ६१ हजार खर्च हुने संशोधित अनुमान छ ।

९. चालु आर्थिक वर्षमा असार मसान्त सम्ममा रू. ५० लाख आन्तरिक राजश्व संकलन हुने संशोधित अनुमान छ । संघिय अनुदान तर्फ आ.व. २०७९/०८० मा रु. ४३ करोड ८० लाख ८३ हजार प्राप्त भएकोमा चालु आर्थिक वर्षमा रहने नगद मौज्दात र आगामी

बर्षमा असुल उपर हुने बेरुजु समेत गरी २ करोड १३ लाख ४९ हजार ५ सय ४९ रुपैयाँ ८२ पैसा नगद मौज्दात रहने, नेपाल सरकार बाट रु. ४३ करोड ८० लाख ८३ हजार र प्रदेश सरकारबाट रु. १ करोड ९६ लाख ५२ हजार वित्तिय हस्तान्तरण मार्फत प्राप्त हुने, प्रदेश सरकार र संघीय सरकार संग राजश्व बाँडफाँडबाट प्राप्त हुने रु. ७ करोड ५१ लाख ८२ हजार समेत कुल रु. ५५ करोड ९२ लाख ६६ हजार ५ सय ४९ रुपैयाँ ८२ पैसा प्राप्त हुने संशोधित अनुमान गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म चालु आर्थिक वर्षमा कार्यान्वयन भएका केही उल्लेखनिय कार्यहरु निम्न बमोजिम भएको व्यहोरा यहाँहरु समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

क) स्थानीय तहको गठन र स्थानिय निर्वाचन, २०७९ पश्चात जनप्रतिनिधिहरुको उपस्थिति सँगै मालिकार्जुन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय. लटिनाथ बिज वृद्धि समुहको सार्वजनिक भवनलाई मर्मत सम्भार गरि एकिकृत रुपमा नागरिकलाई सेवा प्रवाहको व्यवस्था गरिएको छ। गाउँपालिका कार्यालयमा ई-हाजिरी, सिसिटिभी क्यामरा जडान, ईन्टरकम टेलिफोन सेवा जडान गरीएको छ, साथै विभिन्न वडा कार्यालय तथा सामुदायिक विद्यालय, स्वास्थ्य संस्था लगायतका मातहतका कार्यालयहरुमा ई-हाजिरी र सिसिटिभी क्यामरा जडान गर्ने कार्य भइरहेको छ ।

ख) सबै वडाहरुमा ग्रामिण सडक स्तरोन्नती, नयाँ ट्रयाक खोल्ने तथा सडक बिस्तार गर्ने कार्य निरन्तर रुपमा चलिरहेको छ भने विगतमा सडक सञ्जालबाट नजोडिएको यस गाउँपालिकाको एकमात्र वडा ४ नं. वडा कार्यालयको केन्द्र सम्म सडक बिस्तार गरिएको छ ।

ग) गाउँपालिकाको प्रशासनिक भवन निर्माणको कार्य सुरु भएसकेको छ ।

घ) शिक्षा क्षेत्रमा सुधार गर्न गाउँपालिकाले लिएको निति बमोजिम गाउँपालिका भित्रका शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण कार्य सम्पन्न गरिएको छ ।

ङ) मालिकार्जुन गाउँपालिकाको स्थानीय विषयको पाठ्यक्रम निर्माण भएको छ ।

च) शिक्षामा सहज पँहुचका लागि उपाध्यक्ष बालवालिका शिक्षा सुरक्षा कार्यक्रम सञ्चालन भएको छ ।

छ) सम्भाव्यताका आधारमा बालीविकासका पकेट क्षेत्रहरु निर्धारण गरि ओखर पकेट क्षेत्र, मौरी पालन, मेरो बालक मेरो वृक्ष कार्यक्रमहरु सञ्चालन भएका छन ।

ज) दुध तथा दुग्धजन्य उत्पादनमा आत्मनिर्भर हुनका लागि भेटेरेनरी तथा पशु विज्ञ केन्द्र दार्चुला सँगको साझेदारीमा उन्नत जातका भैंसी प्रवर्द्धन कार्यक्रम अन्तरगत मालिकार्जुन गाउँपालिका वडा नं. २ र ३ का कृषकहरुलाई २० वटा भैंसी वितरण गर्ने कार्य सम्पन्न भएको छ । पशुहरुको जातिय शुद्धता तथा उत्पादनमा वृद्धिका लागि कृत्रिम गंर्भाधान कार्यको थालनी, पशु स्वास्थ्यका लागि सम्बन्धीत पशु सेवा केन्द्रहरुबाट औषधी वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।

झ) निर्माणाधिन १० शैय्या अस्पतालको कार्य पूर्ण नहुनजेल सम्म एमबीबीएस डाक्टर सहित अस्थायी १० शैय्याको अस्पतालमा २४ सै घण्टा सेवा सुचारु गरिनुका साथै ३ वटा एम्बुलेन्स सञ्चालन रहेका छन् ।

ञ) स्वास्थ्य सेवामा पहुँच नभएका समुदायका लागी यस गाउँपालिकाको विभिन्न स्थानमा ४ वटा थप सामुदायिक स्वास्थ्य संस्था स्थापना गरि कार्यक्रम सञ्चालन गरिएको छ । स्वास्थ्य संस्थाहरुको स्तरोन्नती एवम् भौतिक सुविधा सम्पन्न बनाई स्वास्थ्य सेवालाई प्रभावकारी बनाईएको छ । गाउँपालिका भित्रका स्वास्थ्य केन्द्रका गुणस्तर सुधार एवम् स्तरोन्नतिको कार्य प्रारम्भ गरिएको छ । मातृ शिशु र बाल स्वास्थ्यमा उल्लेखनीय सुधार भएको छ । चालु आर्थिक वर्षमा विशेषज्ञ स्वास्थ्य शिविर, आँखा शिविर र डाक्टर सहितको घरदैलो गरी ३ वटा महत्वपूर्ण शिविरहरु सम्पन्न गरिएका छन् ।

ट) स्वस्थ्य वृत्त, सद वृत्त, आचार रसायन र स्वस्थ्य जीवनशैलीका लागि विद्यालय आयुर्वेद तथा योग शिक्षा कार्यक्रम सञ्चालन गरिएको छ ।

ठ) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा अध्यक्ष रोजगार कार्यक्रमको साझेदारी गरि विभिन्न प्रकारका श्रम तथा रोजगारी सृजना गरिएको छ ।

ड) स्थानिय गैर सरकारी संस्थाको सहकार्यमा गाउँपालिका स्तरीय बिभिन्न कार्यक्रम तथा महोत्सवहरुको आयोजना गरिएको छ, जसले संस्कृती प्रर्वद्धन र सामाजिक विकासमा सकारात्मक प्रभाव दिन सफल भएको छ ।

ढ) मालिकार्जुन गाउँपालिका क्षेत्र भित्रको जग्गाको वैज्ञानिक वर्गिकरण गरि कित्ता काट खोल्ने कार्यको लागि प्रक्रिया शुरु भईसकेको छ ।

ण) सामाजिक तथा आर्थिक क्षेत्रको प्रगति सन्तोषजनक छ । विद्यालय जाने उमेरका बालबालिकाको भर्ना र विद्यालय शिक्षा पुरा गर्ने दर बढेको छ । आधारभूत तथा माध्यमिक शिक्षा सहित सबै तहको शिक्षामा लैङ्गिक समानता हासिल भएको छ ।

त) मालिकार्जुन गाउँपालिकाभित्र **"एक घर, एक धारा"** भन्ने अवधारणालाई पुर्ण रुपमा कार्यान्वयन गर्न गाउँपालिकामा खानेपानी, सरसफाई तथा स्वच्छता एकाई (WASH Unit)

गठन भई खानेपानी तथा सरसफाई सम्बन्धी गुरुयोजना तयार गर्ने कार्य तथा गाउँपालिका क्षेत्रमा रहेका ३५४ घरधुरी लाभान्वित हुने गरी खानेपानीका नयाँ तथा सेवा बिस्तार योजनाहरु बनाउने कार्य सम्पन्न हुनुका साथै मर्मत सम्भार कार्य निरन्तर भईरहेको छ ।

थ) लामो समयदेखि बिग्रीएर थन्कीएको अवस्थामा रहेको यस गाउँपालिकाको स्काभेटर मर्मत गरी हाल विभिन्न वडाहरुको सडक सुचारु गर्ने तथा नयाँ सडक खन्नमा प्रयोग भएको छ ।

द) पर्यावरणीय शुद्धता तथा फलफुल लगायतका बोटहरुको आपूर्तिका लागि २ वटा बहुउद्देशीय नर्सरी स्थापना गरिएको छ ।

ध) विभिन्न प्रकारका विपद्‌बाट प्रभावित नागरिकहरुका लागि राहत वितरण तथा पुनर्स्थापना कार्यमा साँझेदारी गरीएको छ ।

न) सूचना प्रविधी तथा आम सञ्चारका माध्यमको संख्यात्मक तथा गुणात्मक विकास भएको छ । गाउँपालिकाबाट गरिने सम्पूर्ण भुक्तानीहरु विधुतीय भूक्तानी प्रणालीको माध्यमबाट हुने गरेको छ ।

न) वित्तिय सेवाको पँहुच उल्लेखिय बढेको छ । वित्तीय कारोबारमा सूचना प्रविधीको प्रयोगमा व्यापकता आएको छ ।

प) मालिकार्जुन गाउँपालिका भित्रका सबै प्रकारका व्यवसायहरुलाई गाउँपालिकामा सूचीकृत गर्ने कार्य थालनी गरिएको छ ।

फ) मिति २०८० साल बैशाख १ गते देखि मालिकार्जुन गाउँपालिका रोजगार सेवा केन्द्र मार्फत वैदेशिक रोजगारीमा जाने श्रमिक तथा कामदारको व्यक्तिगत श्रम स्विकृति र पुनः श्रम स्विकृतिका लागि वैदेशिक रोजगार विभागको वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणाली (FEIMS) मा अनलाइन आवेदन कार्य एवम् वैदेशिक रोजगार सम्बन्धी सूचना प्रवाह गर्ने कार्य शुरु गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

अब म मालिकार्जुन गाउँपालिकाको बजेट कार्यान्वनका क्रममा देखिएका प्रमुख चुनौतीहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

क. भौगोलिक, हावापानी, सांस्कृतिक एवम् सामाजिक विशिष्टताका दृष्टिले विविधता युक्त यो गाउँपालिमा विकासका दृष्टिले सबै बस्ती र समाज समान रुपमा उन्नत छैनन् । कठिन भुगोल र तुलनात्मक रुपमा जोखिम युक्त क्षेत्रमा आवागमनमा असहजता,

निर्माणको दृष्टिले बढी खर्चिलो र प्राकृतिक दृष्टिले जोखिमयुक्त छ । मालिकार्जुन गाउँपालिकाको समग्र विकासको सन्दर्भमा देखिएका समस्या तथा चुनौतीहरुलाई निम्नानुसार उल्लेख गर्न चाहन्छु ।

ख. बिगत केही वर्ष देखी निरन्तररुपमा हासिल्ल हुँदै आएको आर्थिक वृद्धिदर विभिन्न महाकारी तथा युद्धका कारणले प्रभावित हुने प्रारम्भिक अनुमान छ । पर्यटन, यातायात, उत्पादन मूलक उद्योग र निर्माण तर्फको उत्पादन संकुचित हुने अनुमान छ ।

ग. स्थानिय स्रोतबाट आम्दानी प्रयाप्त नभएको र विकास योजना तर्जुमा गर्दा साना-साना टुक्रे आयोजनाहरु बनाउने र स्रोतलाई छरपष्ट पारिने प्रवृतिले समग्रमा अनुभव योग्य कुनै परिवर्तन नहुने समस्या रहेको छ । स्रोतलाइ एकीकृत गरी ठुला एवं लाभयुक्त आयोजनाहरु तर्जुमा गरी नागरिकले प्रत्यक्ष अनुभव गर्नसक्ने विकास कार्यक्रम कार्यान्वयन गरी समाजमा रोजगारी सृजना र सामाजिक एवम् आर्थिक विकासमा टेवा पुऱ्याउनु चुनौतिपूर्ण देखिन्छ ।

घ. सडक पुल जस्ता भौतिक निर्माणमा जनतामा जग्गाको विषयमा विवाद हुने, लाभग्राहिबाट योगदान गर्न नचाहने प्रवृतिले विकासका कार्यमा अवरोध पुग्न सक्ने देखिन्छ । उपभोक्ता समिति मार्फत संचालित आयोजनाहरुमा निर्माण सम्बन्धी विशिष्ट ज्ञान र उपकरण नहुदा निर्माण व्यवसायी वा सव-कन्ट्रयाक्टर मार्फत कार्य गर्ने प्रवृतिले निर्माणमा अस्वस्थ प्रतिस्पर्धा सिर्जना हुने र सुशासन कायम गर्न चुनौती थपेको छ ।

ङ. उपभोक्ता समितिबाट कार्यान्वन हुने आयोजनाहरुको सन्दर्भमा उपभोक्ता समितिहरुको दक्षताको अभावका कारण उपभोक्ता समितिहरु समयमा योजना सम्झौता गर्न नआउने, आयोजनाहरु समयमै कार्यान्वयन नहुने र आर्थिक वर्षको अन्त सम्म आयोजना सञ्चालन गरी आषाढ मसान्तमा भुक्तानी लिन आउने प्रवृति, उपभोक्ता समितिमा वर्षौं देखि एकै व्यक्तिको उपस्थितिले अन्य उपभोक्ताले अवसर नपाउने र सार्वजनिक परीक्षणको प्रावधानको उचित कार्यान्वन नगर्ने प्रवृतिले आर्थिक अनुशासन कमजोर भई स्रोत दुरुपयोग हुने सम्भावना बढ्ने गरेकोछ । उपभोक्ता समितिको क्षमता विकास सार्वजनिक परिक्षणलाई प्रभावकारी गराउन पनि चुनौतिपुर्ण रहेको छ ।

१०. उल्लिखित चुनौती सम्बोधन हुने गरी उत्पादनमूलक क्षेत्रमा लगानी, रोजगारीका अवसर सिर्जना, शिक्षामा सुधार र गुणस्तरिय तथा दिगो पूर्वाधार विकासलाई केन्द्रमा राखि प्रस्तुत बजेट तथा कार्यक्रम तर्जुमा गरेको छु ।

११. उपलब्ध सार्वजनिक स्रोत साधनको समुचित र प्रभावकारी परिचालन गरि पालिकाको सन्तुलित विकास सुनिश्चित गर्न बजेटका उद्देश्य तथा प्राथमिकता तय गरेको छु ।

आर्थिक वर्ष २०८०/८१ को बजेटका उद्देश्यहरु यस प्रकार छन् ।

क. विभिन्न माहामारी लगायत सबै प्रकारका रोग र विपद्बाट नागरिकको जीवन रक्षा गर्दै जनजीवनलाई सहज र सुरक्षित बनाउने ।

ख. उपलब्ध साधन स्रोत अवसर र क्षमताको उच्चतम परिचालन गरी शीघ्र आर्थिक पुनरुत्थान गर्दै विकासको गतिलाई निरन्तरता दिने ।

ग. नागरिकका मौलिक हक र अधिकारका रुपमा रहेका आवश्यकता परिपुर्ति मार्फत गाउँपालिकाको लोक कल्याणकारी भूमिका बढाउने ।

घ. सामाजिक, आर्थिक र भौतिक पुर्वाधार विकास मार्फत समृद्ध गाउँपालिका निर्माण गर्दै जाने ।

ङ. नागरिकलाई नै गाउँपालिकाको अमूल्य सम्पति मानि शिक्षा तथा स्वास्थ्य क्षेत्रलाई प्राथमिकता दिने ।

**सभाध्यक्ष महोदय,**

अब म बजेटका उद्देश्य हासिल गर्न तय गरिएका प्राथमिकता प्रस्तुत गर्दछु ।

क) कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायीकरण र बजारीकरण,

ख) पर्यटकीय गन्तव्यको पहिचान, संरक्षण र प्रवर्द्धन तथा एकिकृत पर्यटन सर्किट विकास,

ग) शिक्षा र स्वास्थ्य सेवामा पहुँच वृद्धि, गुणस्तर सुधार एवम् विशिष्टिकरण,

घ) खाद्य सुरक्षा, सुरक्षित आवास, सामाजिक सुरक्षा र संरक्षण ।

ङ) वन, जैविक विविधता तथा जलाधारको संरक्षण र प्राकृतिक स्रोत साधनको दिगो उपयोग,

च) उद्यमशीलता विकास, रोजगारी सिर्जना र गरिबी निवारण,

छ) युवा, खेलकुद, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, प्रर्वद्धन र विकास,

ज) लक्षित वर्ग समुदायको सशक्तिकरण, मूलप्रवाहीकरण एवम् सामाजिक-सांस्कृतिक रुपान्तरण,

झ) गुणस्तरीय तथा पहुंचयुक्त सार्वजनिक सेवा र उत्तरदायी तथा पारदर्शी शासन व्यवस्थाको सुदृढीकरण ।

आगामी बर्षको क्षेत्रगत बजेट विनियोजन गर्दा आर्थिक पुर्नउत्थान हुने, तत्काल प्रतिफल प्राप्त गर्न सकिने, आगामी आर्थिक बर्षमै सम्पन्न हुने, चालु आयोजनाहरुको कार्यान्वयन निरन्तरता सुनिश्चित गर्ने र सेवा प्रवाहलाई प्रभावकारी बनाउन संघ र प्रदेश सरकारसँग उच्चतम समन्वय र

सहकार्य गर्ने तथा सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई अघि बढाउने कार्यक्रम तर्फ जोड दिइएको छ ।

**सभाध्यक्ष महोदय,**

बजेटले लिएका उद्देश्य हासिल गर्न देहाय बमोजिम सुधार प्रस्ताव गरेको छु ।

क. वडा स्तरबाट माग भई आएका एवम् पालिका गौरवका आयोजनाहरु संकलन गरी आयोजना बैंकमा सुचिकृत आयोजना छनोट र प्राथमिकीकरण गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाइने छ ।

ख. ठुलो संख्यामा क्रियाकलाप केन्द्रित बजेट निर्माण प्रक्रिया र स्रोत साधन छर्ने प्रवृतिमा सुधार गर्न क्षेत्रगत प्राथमिकता भित्रका ठूला र रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता दिएको छु ।

ग. बहुसंख्यक जनताले लाभ प्राप्त गर्ने आयोजना र प्राथमिकता प्राप्त क्षेत्रमा लागनी गर्ने कार्यक्रमलाई प्राथमिकता दिएको छु ।

घ. आगामी वर्षदेखि विस्तृत परियोजना प्रतिवेदन भएका, वातावरणीय प्रभाव मूल्याङ्कन सम्पन्न भएका, जग्गा प्राप्ति लगायतका तयारी पुरा भएका आयोजना मात्र छनौट गरी बजेट विनियोजन गर्ने व्यवस्था मिलाइने छ ।

ङ. चालु प्रकृतिको बजेटमा कटौती गरी कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा मितव्ययीता अपनाइने छ ।

माथि उल्लिखित नीतिगत र संरचनागत सुधारले बजेट विनियोजन दक्षता अभिवृद्धि भई निर्धारित लक्ष्य हासिल हुने अपेक्षा गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म यिनै उद्देश्य चुनौती र प्राथमिकताका आधारमा मालिकार्जुन गाउँपालिकाको आर्थिक वर्ष २०८०/८१ लागि तयार पारिएको बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्दा मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास तर्फ**

१२. किसानबाट विभिन्न बिउविजन तथा बोटबिरुवा माग भई आउने हुदाँ सोका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१३. कृषि यान्त्रिकीकरण प्रर्वद्धन तथा साना सिचाई कार्यक्रमका लागी आवश्यक बजेट व्यवस्थापन गरिएको छ ।

१४. कृषि बजारलाई थप व्यवस्थित र एकिकृत गर्न कृषि बजार पूर्वाधार निर्माण साझेदारीमा कार्यान्वयन गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

१५. मेरो बालक मेरो वृक्ष कार्यक्रमलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ ।

१६. दुध तथा दुग्धजन्य उत्पादनमा आत्मनिर्भर हुन, मासु प्रर्वद्धन कार्यक्रम, पशुहरुको जातिय शुद्धता तथा उत्पादनमा वृद्धिका लागि कृत्रिम गर्भाधान, पशु स्वास्थ्यका लागि सम्बन्धीत पशु सेवा केन्द्रहरुबाट औषधी वितरण तथा अन्य पशुपालन लक्षित कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

१७. विभिन्न पशुजन्य महामारी (लम्फीस्किन तथा अन्य) नियन्त्रण तथा औषधी खरिदका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१८. सहकारी व्यवस्थापन तथा प्रर्वद्धनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

१९. लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्न, उद्यमीको स्तरोन्नति, प्रविधि हस्तान्तरण लगायतका कार्यक्रमहरु साझेदारीमा संचालन गर्न १७ लाख ५० हजार विनियोजन गरेको छु ।

२०. धार्मिक सास्कृतिक क्षेत्रको विकास, ऐतिहासिक मेला तथा जात्राहरुको व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

२१. अध्यक्ष स्वरोजगार कार्यक्रम मार्फत विपन्न नागरिकहरुलाई रोजगारी प्रदान गर्न प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरि कार्यान्वयन गर्न ३५ लाख विनियोजन गरेको छु ।

**सामाजिक विकास तर्फ**

२२. सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गरि पठन पाठनलाई थप गुणस्तरिय बनाउन विद्यालयहरुमा भौतिक पूर्वाधार निर्माण सुधार गर्न तथा विद्यालय कर्मचारी तथा बालविकास सहजकर्ता र विषयगत शिक्षक व्यवस्थापन लगायतका कार्यका लागि २ करोड ७८ लाख ९० हजार विनियोजन गरिएको छ ।

२३. युवा तथा खेलकुद पूर्वाधार विकासका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ ।

२४. प्राविधिक शिक्षा अध्ययन गर्नका लागि प्रत्येक वडाको उत्कृष्ट विद्यार्थीलाई छात्रवृति उपलब्ध गराउन कोषका व्यवस्था गरिएको छ ।

२५. पालिका स्तरीय परिक्षामा उत्कृष्ट नतिजा ल्याउने विद्यालयहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्थापन गरिएको छ ।

२६. चालु आर्थिक वर्षमा संचालित विधार्थीको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२७. बाल स्वास्थ्य एवं पोषण कार्यक्रमलाई थप प्रभावकारी बनाउन बिगतको बहु-क्षेत्रीय पोषण कार्यक्रमलाई निरन्तरता दिइएको छ । सो कार्यका लागि १२ लाख ७० हजार बजेट विनियोजन गरिएको छ ।

२८. निःशुल्क आधारभुत स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउन औषधी खरिदका लागि २० लाख विनियोजन गरेको छु ।

२९. आधारभूत स्वास्थ्य संस्थाहरुको संचालन तथा स्वास्थ्य शाखाका लागि आवश्यक रकम व्यवस्था गरिएको छ ।

३०. ज्येष्ठ नागरिक र दीर्घरोगीका लागि डाक्टर सहितको घरदैलो स्वास्थ्य शिविर व्यवस्थापनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।

३१. गाउँपालिकामा सञ्चालित एम्बुलेन्सहरुको व्यवस्थापन गर्न एम्बुलेन्स सञ्चालन कोष स्थापनाका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३२. सबै वडाको बस्ती स्तरमा पुग्ने गरी स्टेचर खरिदका लागी आवश्यक बजेट विनियोजन गरेको छु ।

३३. आयुर्वेद औषधी खरिद, नागरिक आरोग्य सेवा किलिनिक सञ्चालन, पञ्चकर्म कार्यक्रम लगायतका क्रियाकलापहरुका लागी आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

३४. विद्यालय तथा वडा स्तरमा आयुर्वेद तथा योग शिक्षा कार्यक्रमलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरेको छु ।

३५. लैंगिक हिंसा निवारण कोष स्थापना, महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक तथा यौनिक तथा लैंगिक अल्पसंख्यकहरुको तथ्यांक संकलन र अध्यावधिक गर्ने कार्यको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

३६. बालविवाह न्यूनिकरण तथा जनचेतना सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७. लोकसेवा तथा शिक्षक सेवा आयोगका कक्षाहरु सञ्चालन गर्नका लागि ३ लाख बजेट विनियोजन गरेको छु ।

३८. सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सेवा प्रदायक बैंकहरुसँग सहकार्य गरी आर्थिक बर्ष २०८०/०८१ देखि सामाजिक सुरक्षा भत्ता रकम वडा कार्यालयवाट भुक्तानी गर्ने प्रक्रिया अगाडी बढाइने छ । सो कार्यका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

पूर्वाधार विकास तर्फ

३९. संघ तथा प्रदेशबाट प्राप्त विभिन्न सम्पुरक योजनाहरुका लागि ३ करोड ३२ लाख बजेट विनियोजन गरिएको छ ।

४०. गाउँपालिकाका भित्रका विभिन्न वडाका बस्तिहरुमा खानेपानीको पहुँच सुनिश्चित गर्न **"एक घर एक धारा पुर्‍याउन"** खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु साझेदारीमा कार्यान्वयनमा ल्याइने छ । जसका लागि २ करोड १२ लाख बजेट व्यवस्था गरिएको छ ।

४१. झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रममा लागत साझेदारीका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

४२. पालिकामा बहुउद्देश्यीय भवन निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गरेको छु ।

४३. निर्माणाधिन आधारभूत स्वास्थ्य संस्थाहरुका भवनहरु निर्माण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४४. गाउँपालिकाको स्काभेटर प्रयोग गरी सडक निर्माण तथा मर्मतका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

**वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ**

४५. विपद् नियन्त्रण तथा व्यवस्थापनका लागि छुट्टै कोषको व्यवस्था गरि सरकारी, निजी तथा अन्य क्षेत्रबाट प्राप्त हुने रकम सो कोषमा जम्मा हुने र खर्च हुने व्यवस्था मिलाइएको छ । जसका लागि ३५ लाख बजेटको व्यवस्था गरिएको छ ।

४६. बहुउद्देश्यीय नर्सरी स्थापना कार्यक्रम साझेदारीका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**सुशासन तथा संस्थागत विकास तर्फ**

४७. शासकीय क्षमता अभिवृद्धी कार्यक्रम अन्तर्गत स्थानीय एकिकृत व्यवस्थापन सूचना प्रणाली (LIMIS) साझेदारीमा संचालन गरिने छ । सो कार्यका लागि २० लाख विनियोजन गरिएको छ ।

४८. वडा कार्यालयको पूँजीगत तथा चालु प्रकृतिको कार्यक्रमहरुका लागि १ करोड ७६ लाख विनियोजन गरेको छु ।

४९. कर्मचारी तथा पदाधिकारीको पारिश्रमिक लगायत कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. न्यायिक समितिको सचिवालय सञ्चालन तथा तालिमका लागि आवश्यक रकमको व्यवस्थापन गरेको छु ।

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ मा मालिकार्जुन गाउँपालिकाको राजस्व तथा व्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५१. चालु आर्थिक वर्षमा आन्तरिक राजश्व ५० लाख हुने संसोधित अनुमान रहेकोमा यस बजेटद्वारा प्रस्ताव गरिएको कर तथा राजश्व सम्बन्धी नीतिका कार्यान्वयनबाट आगामी आर्थिक वर्षको आषाढ मसान्त सम्ममा आन्तरिक राजश्व रु. ५० लाख संकलन हुने, नेपाल सरकारबाट वित्तीय समानीकरण अनुदान वाफत रु. १० करोड ४२ लाख, राजश्व बाँडफाँड तर्फ रु. ७ करोड २४ लाख ६७ हजार १ सय, शशर्त अनुदान तर्फ रु. २३ करोड ८७ लाख, विषेश अनुदान तर्फ रु. २ करोड ५० लाख, समपुरक अनुदान तर्फ रु. १ करोड ३० लाख, सामाजिक सुरक्षा तर्फ रु. ७ करोड ९५ लाख गरी जम्मा रु. ५२ करोड ८२ लाख ८ हजार १ सय र प्रदेश सरकारबाट हस्तान्तरित वित्तिय अनुदान तर्फ विशेष अनुदान रु. ९३ लाख ४ हजार शसर्त अनुदान तर्फ रु. ४५ लाख समपुरक अनुदान तर्फ रु. १ करोड २३ लाख ७४ हजार गरी कुल रु. ३ करोड १ लाख २८ हजार तथा चालु बर्षको अल्या हुने आन्तरिक श्रोत रु. १ करोड ८१ लाख समेत कुल रु. ५९ करोड १३ लाख ६४ हजार प्राप्त हुने अनुमान गरिएको छ । आन्तिरक आय श्रोत तर्फका कर दरहरु छुट्टै अनुसूचिमा प्रस्तुत गरेको छु ।

५२. आगामी आर्थिक वर्षमा हुने व्यय तर्फ उपभोग तथा चालु प्रकृतिका कार्यक्रमहरु लगायतका खर्च व्यवस्थापनको लागि कुल रु. ८ करोड ९१ लाख ७० हजार चालु तर्फ, पूँजी वृद्धी तथा विभिन्न विकास निर्माणका लागि कुल रु. १५ करोड ३१ लाख ७४

हजार पुँजिगत तर्फ र संघिय सरकारबाट हस्तान्तरित सशर्त कार्यक्रमका लागि रु. २३ करोड ८७ लाख र प्रदेश सरकारको शशर्त कार्यक्रमका लागि रु. ४५ लाख विनियोजन गरिएको छ । विषयगत क्षेत्रगत योजनाहरुका लागि रु. ४ करोड २० लाख ३२ हजार विनियोजन गरिएको छ ।

**सभाध्यक्ष महोदय,**

४९. आर्थिक वर्ष २०८०/०८१ मा संघ तथा प्रदेशबाट हस्तान्तरण हुने समानिकरण अनुदान, समपुरक अनुदान विशेष अनुदान र सशर्त अनुदानको विवरण अनुसूचीमा खुलाई पेश गरेको छु ।

५०. आगामी वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम कार्यान्वयनबाट कृषि तथा पशुपन्छी, पर्यटन, पूर्वाधार निर्माण र शिक्षा स्वास्थ्य लागयत सामाजिक क्षेत्रमा लगानी अभिवृद्धि भई आर्थिक क्रियाकलाप गतिशिल हुने थप रोजगारीका अवसर सिर्जना हुने, गुणस्तरिय शिक्षा तथा आधारभूत स्वास्थ्य सेवाको पहुँच वृद्धी हुने र सेवा प्रवाहमा सुधार हुने अपेक्षा लिएको छु ।

५१. बजेट तर्जुमा गर्ने क्रममा मलाई मार्गदर्शन गर्नु हुने पालिका अध्यक्षज्यू, विभिन्न विषयगत समितिका संयोजकज्यूहरु, कार्यपालिका सदस्यज्यूहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

५२. बजेट तर्जुमा प्रक्रियामा आ-आफ्नो तर्फबाट रचनात्मक सुझाव दिनु हुने राजनीतिक दल, राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र तथा सहकारी क्षेत्र, सामुदायिक तथा सामाजिक संघ संस्था एवम् सम्पूर्ण मालिकार्जुन बासीमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

५३. अन्तमा, प्रस्तुत बजेट तथा कार्यक्रम कार्यान्वयनको अभियानमा सक्रिय सहभागिता एवम् सार्थक सहयोगका लागि सबै सरोकारवाला पक्षहरुलाई हार्दिक अपिल गर्दछु । साथै सबै गाउँपालिका बासी दिदिबहिनी तथा दाजुभाईलाई मालिकार्जुन गाउँपालिकाको विकासको प्रयासमा सरिक भई नागरिकको जिवनस्तरमा उल्लेखनिय परिवर्तन ल्याउन एकजुट भई सबल, समृद्ध र न्यायपुर्ण गाउँपालिका निर्माणमा योगदान गर्न आह्वान गर्दछु ।

कल्यान सिं[redacted]पंकज"
उपाध्यक्ष
मालिकार्जुन गाउँपालिका
२०८०/०३/१०